# नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ७, संख्याः८, पौष १६ गते, २०८० साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

# भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।०९।१६

**प्रस्तावना** :कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरिय प्रागारीक वस्तुहरुको आवश्यकता अनिवार्य रहेको हुन्छ । माटोको उर्वराशक्ति कायम गर्दै कृषि क्षेत्रको दिगो विकास गरी खाधान्न तरकारी लगायत विभिन्न वालीहरुमा आत्मनिर्भर बन्न चुनौतिपुर्ण रहेको र यसको सामना गर्न विरुवालाई आवश्यक खाधतत्व पर्याप्त मात्रामा पुर्ति गर्न प्राङ्गारीक र रासायनिक मल मुख्य स्रोत रहेको छ । वर्षेनी कृषकहरुलाई रासायनिक मल समयमा उपलब्ध नहुनु उपलब्ध भय पनि मंहगो पर्ने भएकाले यस सिद्धलेक गाउँपालिकाले भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम मार्फत पशु वस्तुको स्वास्थ्यमा सुधार गुणस्तरिय प्राङ्गारीक मल उत्पादन स्वच्छ दुध उत्पादन गरी दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न तथा वातावरणीय सरसफाईमा परिवर्तन ल्याउने उद्देश्यले सिद्धलेक गाउँपालिकाले भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम कार्यविधि २०८० तयार गरी जारी गरेको छ ।

**परिच्छेद-१**

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम कार्यविधि २०८० रहनेछ ।

ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) **"कार्यालय"** भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ख) **"अध्यक्ष"** भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **"उपाध्यक्ष"** भन्नाले सिद्धलेक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"कार्यपालिका"**भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) **"गाउँपालिका"** भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) **"वडा"** भन्नाले गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्दछ ।

ज) **"वडा कार्यालय"** भन्नाल सिद्धलेक गाउँपालिकाको वडा कार्यालयका कार्यालयहरुलाई सम्झनु पर्दछ ।

झ) **"विषयगत शाखा"** भन्नाले सिद्धलेक गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ।

ञ) **"कार्यक्रम"** भन्नाले यस सिद्धलेक गाउँपालिकाबाट स्वीकृत पशु सेवा शाखाको कार्यक्रमलाई सम्झनु पर्दछ ।

ट) **"अनुदान"** भन्नाले यस कार्यविधि अन्तर्गतका कृषकलाई दिने अनुदान सम्झनु पर्दछ ।

ठ) **"कार्यविधि"** भन्नाले **भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०** लाई सम्झनु पर्दछ ।

ड) **"शाखा प्रमुख"** भन्नाले सिद्धलेक गाउँपालिकाको पशु सेवा शाखा हर्ने प्रमुखलाई सम्झनु पर्दछ।

**३.कार्यक्रम संचालनको उद्देश्यः,**

क. गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारीक उत्पादनलाई जोड दिन ।

ख. रासायनिक मलको प्रयोग गरि कृषिउत्पादनमा लागत घटाउने ।

ग. पशु वस्तुको स्वास्थ्यमा सुधर ल्याउन ।

घ.स्वच्छ दुध उत्पान गर्न ।

ङ. दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न ।

च. वातावरणीय सरसफाईमा सकारात्मक परिवर्तन ल्याउन ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालन गरिने स्थान** :सिद्धलेक गाउँपालिकककका सबै वडामा यो कार्यक्रम संचालन गरिनेछ । कृषकलाई कार्यक्रमको बारेमा जानकारी दिन पशु सेवा शाखाले आवश्यकता अनुसार सुचना प्रकाशन गर्नेछ, उक्त सुचना सिद्धलेक गाउपालिका सूचना पाटी तथा सबै वडा कार्यलयमा पठाइनेछ।

**५.कार्यक्रम संचालन गर्न कृषक तथा समुह छनोटः** गाउँपालिकाको स्वीकृत कार्यक्रम र कार्यपालिकाले गरेको सूचना अनुसार कृषक, कृषक समुह, सहकारीले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालक कृषकहरुलाइ लक्षित गरि कृषकहरु छनोट गरिनेछ।

**६. कार्यक्रम संचालनको लागि कृषक छनोटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ**

क. कार्यक्रम संचालनका लागि कृषक, कृषक समुह, सहकारीलाई गाउँपालिका स्तरिय कृषि तथा पशु विकास समिति/ वडा समितिले छनौट गर्नेछ ।

ख . कृषक छनौट गर्दा पशुपालन तथा ब्यवसाहिक पशुपालक लाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ साथै कृषकले २ वटा माउ गाई भैसि /वयस्क गोरु रांगो पालेको हुनुपर्नेछ ।

ग. एउटै व्यक्ति वा समुह /सहकारीलाई दोहोरो पर्ने गरि अनुदान वा सुविधा दिईने छैन ।

घ. छनौट भएका कृषकको जानकारी समितिले सुचना पार्टिमा टाँस गर्नेछ ।

ङ. भकारो सुधार तथा मुत्र संकलन गर्ने संख्या लक्ष्य भन्दा बढि भएमा दलित, जनजाति, अपाङ्ग,न्युन आयस्तर भएकालाई प्राथामिकता दिई समितिले सिरुफारिस गरे बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

**७.फोकल ब्यक्ति (Focal person):** भकारो सुधार तथा मुत्र संकलन कार्यक्रमलाई प्रभावकारी बनाउन र आवश्यक प्राविधिक सहयोग गर्न गाउँपालिकाको पशुसेवा शाखाको एक जना कर्मचारीलाई फोकल ब्यक्तिको रुपमा तोक्न सक्नेछ ।

## ८. न्युनत्तम मापदण्ड पुरा हुनुपर्ने

क भकारो सुधार गर्दा कम्तिमा पनि २ दुई वटा पशुका लागि गहुंत नचुहिने गरि थलो पक्कि गर्नुपर्ने।

ख. गहुंत संकलन टयाङ्कीको व्यबस्था हुनुपर्ने ।

ग. भकारो /मलखाद फयाक्ने खाडललाई घामपानी बाट जोगाउनको लागि उचित छाप्रोको ब्यवस्था गर्नु पर्नेछ ।

## ९ अनुदानको रकमको ब्यवस्था

**तपशिल:**

| क.स | संचालन गरिने कार्यक्रम | प्रति इकाई अनुदान रु. हजारमा | अनुदानको किसिम | कृषकको लगानी रकम | जम्मा लगानी |
|---|---|---|---|---|---|
| १. | गाई भैसि थलो निर्माण तथा मुत्र संकलन टयाङकी निर्माण | १५,००० हजार | ५० प्रतिशतमा नबढ्ने गरी | १५,००० हजार | ३०,००० हजार |

**१०. अनुदान दिईने रकम प्रवाहको व्यवस्था :** भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम सम्पन्न भएपछी सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशमा मात्र कृषकलाई सिद्धलेक गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

**११. कार्यक्रम अनुगमन को व्यवस्था :** कार्यक्रमको नियमित अनुगमन सिद्धलेक गाउँपालिका र सम्बन्धित शाखाले गर्नेछ र अनुगमन खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

१२.**अनुदान कार्यक्रम संचालन तथा वितरणका लागिः प्रत्येक वडा समितिले लाभग्रही छनौटका साथै छनौट भएका लाभग्राहीलाई सिफारीस गरी पठाउनु पर्नेछ।**

## विविध

**१३.कारबाहीको व्यवस्था :**

(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ।

(२) साझेदार संस्थाले सम्झैता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट १५ प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ।

**१४.बाधा अड्काउ फुकाउ सम्वन्धी व्यवस्था :** यस कार्यविधि कार्यान्वयनमा कुनै किसिमको बाधा अवरोध आएमा वा थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

अनुसुचि -१

आवेदन-पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
सिद्धलेक गाउँपालिका, धादिङ ।

विषय : भकारो सुधार कार्यक्रममा सहभागि गराई दिनेबारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ....................................गते गाउँपालिकाको सुचना अनुसार दरखास्त माग भए बमोजिम ...................................................कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु ।अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल :

१. नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी
२. कृषि तथा पशुपन्छी फर्मको हकमा दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
३. लिजमा लिएको जग्गाको हकमा ५ वर्षको करारनामा सहित दिपक्षीय सम्झौता,
४. समुह/सहकारीको हकमा बैठक निर्णयको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस

आवेदकको
नाम :
ठेगाना:
दस्तखत :
मिति :
सम्पर्क नं :

## अनुसुचि -२

**भकारो सुधार तथा मुत्र संकलन कार्यक्रमको लागि कृषकले बुझाउनु पर्ने फारम**

भकारो सुधार तथा मुत्र संकलन कार्यक्रम माग गर्ने कृषकको नाम

ठेगाना : .............गाउँ/टोल: ................ वडा न.: .............

जिल्ला : .........................

भकारो सुधार गरिने स्थान: .........गाउँ/टोल: ...........वडा न: ............गाउँपालिका: ............

जिल्ला: ...............

कृषक संग भएको पशु संख्या भैसी/रागो................गाई/गोरु................

**कृषकको खेति विवरण**

| क स | जम्मा जग्गाको क्षेत्रफल | सिञ्चित खेत क्षेत्रफल | वारी क्षेत्रफल | पाखो क्षेत्रफल | खेति नगरियको जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुख्य वालिहरु:

कृषक समुह/सहकारीमा आबद्ध भएको भए नाम:

ठेगाना:

मोबाइल न. :

भकारो सुधार गर्नुको कारण:

अनुसुची -३

द्धिपक्षीय सम्झौता- पत्र

सिद्धलेक गाउँपालिका धादिङको.................................आ.ब................को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साझेदारीमा........................................कार्यक्रममा कृषक /कृषक समूह / सहकारी को लागत साझेदारीमा सञ्चालन गर्ने सम्बन्धी मिति..............गतेको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरू मध्य श्री...................को प्रस्ताव छनौट भएको हुँदा सिद्धलेक गाउँपालिका धादिङ्ग.........................यसपछि प्रथम पक्ष भनिने र श्री....................यसपछि दोस्रो पक्ष भनिने बीच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सँचालनको लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं दियौं ।

तपसिल

१) प्रथम पक्षले............................................कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु...................मध्येको तीन प्रतिशत कन्टिन्जेन्सी कट्टा गरि दोस्रोपक्षलाई रु............................अक्षरुपी.......................................................अनुदान रकम प्रदान गर्नेछ ।

२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट प्यान बिल दाखिला प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पुर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र अनुसारको डिजाईन ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४) प्रथम पक्षले कुनै पनि बखत सँचालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

५) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड अनिवार्य रुपले सबैले देख्नेगरी राख्नु पर्नेछ ।

६) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति उपलब्धि एवं कारोबार सम्बन्धी विवरणहरू प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८) दोस्रो पक्षले सम्झौता अनुरूप कार्यक्रम नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ ।

९) दोश्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन नियम बमोजिम सरकारी बाँकी बक्यौता सरह असुल उपर गर्नेछ ।

१०) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद : | पद: |
| संस्था: | कार्यालय: |
| सस्थाको छाप: | कार्यालयको छाप: |

रोहबर

| | |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद : | पद: |
| संस्था: | कार्यालय: |
| संस्थाको छाप: | कार्यालयको छाप: |

इति सम्वत्..................साल................महिना.......गते रोज..........शुभम् ।

अनुसुची-४

सिद्धलेक गाउँपालिका धादिङ

मिति :

आ.ब. २० /०

**फिल्ड अनुगमन फर्म**

१. आवेदकको नाम .

२. ठेगाना सम्पर्क व्यक्तिको नाम र ठेगाना

३. माग गरिएको कार्यक्रम

४. क) दलित (ख) पिछडा वर्ग (ग) जनजाती संख्या(घ) अन्य(ङ) महिला (च) पुरुष (छ) कुल जम्मा

५. लाभान्वित संख्या

६. वातावरणीय उपयुक्ता

७. वातावरणीय प्रभाव आकलन गरिएको नगरिएको

८. वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू सामेल गरिएको नगरिएको

९. व्यवसाय गरेको स्थान

१०. अनुभव वा तालिम

११. आवेदकले हाल गरिरहेको व्यवसाय :

क)ख)ग) (घ)

१२. संख्या :

१३. भौगोलिक उपयुक्तता: १.सडक २. बिजुली ३.पानी भएको/नभएको :

जग्गाको स्वामित्व : आफ्नै भएको/नभएको

भौतिक पूर्वाधार १.भवन संख्या २. सवारी साधन संख्या ३.यन्त्र उपकरण

संख्या ..........भएको/नभएको

१३.१ घाँस विकास गरेको क्षेत्रफल : घाँसको किसिम

क ) ख) ग)

१४. घाँस विकास गर्ने जग्गाको क्षेत्रफल

१५. विगत आ.ब.मा स्थानीय निकाय सरकारी तथा गैह्र सरकारी संघ संस्थाबाट अनुदान रकम लिएको/नलिएको

क) लिएको भए श्री रु कुन कार्यको लागी

ख) वित्तीय संस्थाबाट ऋण लिएको/नलिएको............

१६. आवेदकले हालसम्म पशुपालन क्षेत्रमा गरिएका उल्लेखनीय कार्यहरु

क ) ख) ग) घ)

१७. बजारको अवस्था

१८. अनुगमन टोलीको राय

क)

ख)

ग)

**<u>आवेदकको :</u>** **<u>फिल्ड अनुगमन कर्ताको</u>**

नाम : नाम थर :

पद : पद :

दस्तखत :दस्तखत :

**<u>फिल्ड अनुगमन कार्ताको :</u>** **<u>फिल्ड अनुगमन कर्ताको</u>**

नाम : नाम थर :

पद : पद :

दस्तखत :दस्तखत :

**<u>फिल्ड अनुगमन कार्ताको :</u>** **<u>फिल्ड अनुगमन कर्ताको</u>**

नाम : नाम थर :

पद : पद :

दस्तखत :दस्तखत :

................................

प्रमुख प्रशासकीय अधिकृत